प्रदेश सरकार
लुम्बिनी प्रदेश
आर्थिक मामिला तथा सहकारी मन्त्रालय
मुकामः बुटवल, नेपाल

☏: ०७१-५४००२९
०७१-५५०००३
०७१-५५००६३

पत्र संख्या : सहकारी/०७८।७९
चलानी नं. :

## सुपथ मूल्य पसल स्थापना र सञ्चालन गर्न चाहाने सहकारी संस्थाहरुबाट प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७८/११/२४

यस मन्त्रालयको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सुपथ मूल्य पसल स्थापना तथा सञ्चालन गर्न चाहने लुम्बिनी प्रदेश भित्रका प्रदेश स्तरको कार्यक्षेत्र भएका ईच्छुक सहकारी संसथा मध्य सुपथ मूल्य पसल स्थापना तथा सञ्चालन कार्यविधि, २०७८ को दफा बमोजिमको मापदण्ड पुगेका सहकारी संस्थाले दफा ७ अनुसारको कागजात संलग्न राखी सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस मन्त्रालय वा सहकारी प्रशिक्षालय नेपालगञ्ज, वाँके वा घरेलु तथा साना उद्योग कार्यालय दाङमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने निवेदनको ढाँचा, कार्यक्रम प्रस्तावको ढाँचा र संलग्न गर्नुपर्ने कागजात तथा मापदण्डको विवरण सुपथ मूल्य पसल स्थापना तथा सञ्चालन कार्यविधि,२०७८ बमोजिम हुने र सो को विवरण यस मन्त्रालयको वेबसाईट (moeap.lumbini.gov.np) बाट प्राप्त गर्न सकिनेछ।

**प्रदेश सरकार (मन्त्रिपरिषद्)बाट स्वीकृत मितिः-२०७८/११/१५**

# सुपथ मूल्य पसल स्थापना तथा सञ्चालन कार्यविधि, २०७८

**प्रस्तावनाः** मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत एक जिल्लामा एक पालिका छनौट गरी सहकारीको सहयोगमा विपन्न घर परिवारलाई सस्तो मुल्यमा अत्यावश्यक खाद्यवस्तु (चामल, दाल, नून, चिनी, गँहु र तेल) उपलब्ध गराउन सार्वजनिक सुलभ पसल सञ्चालन गर्ने कार्यक्रम कार्यान्वयनका लागि सहकारी संस्थामार्फत सुपथ मूल्य पसल स्थापना तथा सञ्चालन गरी आर्थिक रुपमा विपन्न एवम् न्यून आय भएका नागरिकहरुलाई तोकिएका आधार मूल्यमा गुणस्तरीय खाद्य पदार्थ उपलब्ध गराउने कार्यलाई व्यवस्थित, पारदर्शी तथा प्रभावकारी रुपमा सञ्चालन तथा कार्यान्वयन गर्न वाञ्छनीय भएकाले,

प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सुपथ मूल्य पसल स्थापना तथा सञ्चालन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले मन्त्रालयले सुपथ मूल्य पसल स्थापना तथा सञ्चालन गर्न छनौंट भएका अनुदानग्राहीलाई प्रदान गरिने रकम सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" भन्नाले सुपथ मूल्य पसल स्थापना तथा सञ्चालन गर्न छनौंट भएका सहकारी संस्थालाई सम्झनु पर्छ।

(ग) "कार्यविधि" भन्नाले सुपथ मूल्य पसल स्थापना तथा सञ्चालन कार्यविधि, २०७८ सम्झनु पर्छ।

(घ) "खाद्यान्न" भन्नाले सुपथ मूल्य पसलमा आधार मूल्यमा बिक्री गरिने चामल, दाल, नुन, चिनी, गहुँ र तेलजन्य खाद्य पदार्थ सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेश सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको आर्थिक मामिला तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(छ) "महाशाखा" भन्नाले मन्त्रालयको सहकारी विकास महाशाखा सम्झनु पर्छ।

(ज) "सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका प्रारम्भिक सहकारी संस्था तथा संघ सम्झनु पर्छ।

(झ) "सुपथ मूल्य पसल" भन्नाले सहकारी संस्थाले खाद्य पदार्थ अन्तर्गत चामल, दाल, नुन, चिनी, गहुँ र तेलजन्य खाद्यान्नलाई आधार मूल्यमा बिक्री गर्ने उद्देश्यले स्थापना तथा सञ्चालन गरिने पसल सम्झनु पर्छ।

(ञ) "स्थानीय तह" भन्नाले प्रदेशका नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ।

## परिच्छेद-२

## कार्यक्रमका उद्देश्य तथा सुलभ मूल्य पसल सम्बन्धी व्यवस्था

**३. कार्यक्रमका उद्देश्यः** यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमका उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) विपन्न नागरिकलाई सुलभ मूल्यमा खाद्यान्न उपलब्ध गराउने,

(ख) बजारमा कृत्रिम अभाव सिर्जना गरी मूल्य बृद्धि गर्ने प्रबृत्तिलाई निरुत्साहित गर्ने,

(ग) आधारभूत खाद्यान्नमा विपन्न तथा न्यून आय भएका नागरिकलाई सहज पहुँचको सुनिश्चितता कायम गर्ने,

(घ) सहकारी संस्थाहरुमा व्यवसायिकताको विकास गर्ने,

(ङ) खाद्यान्नमा मूल्य स्थिरता कायम गर्ने।

**४. स्थानीय तह तथा स्थानको छनौंट गरिनेः** (१) निर्देशक समितिले प्रदेशका जिल्लाहरु अन्तर्गत सुपथ मूल्य पसल स्थापना तथा सञ्चालन गर्नका लागि स्थानीय तह तथा स्थान छनौंट गर्नेछ।

(२) उपदफा (१) बमोजिम सुपथ मूल्य पसल स्थापना र सञ्चालनका लागि निर्देशक समितिले देहायका आधारहरुमा स्थानीय तह तथा स्थान छनौंट गर्नेछः-

(क) मानव विकास सूचकाङ्कमा कमजोर भएको स्थानीय तह तथा स्थान,

(ख) द्वन्द्व प्रभावित, श्रमिक तथा मजदुर, विपन्न नागरिक बसोवास गर्ने स्थानीय तह तथा क्षेत्र,

(ग) भौगोलिक रुपमा पिछडिएको तथा दुर्गम क्षेत्र,

**५. खाद्यान्नको आधार मूल्य निर्धारण गर्नुपर्नेः** (१) मन्त्रालयले सुपथ मूल्य पसलमा बिक्री गरिने खाद्यान्नको आधार मूल्य निर्धारण गर्नेछ र आधार मूल्य देहाय आधारमा निर्धारण गर्नेछः-

(क) नेपाल राष्ट्र बैंकले जारी गरेको खाद्यान्नको मूल्यदर,

(ख) सम्बन्धित जिल्ला तथा स्थानीय तहमा लागू हुने गरी जिल्लाका सम्बन्धित सरकारी निकायले लागू गरेको खाद्यान्नको मूल्यदर,

(ग) सम्बन्धित स्थानीय तहले बनाएको खाद्यान्नको मूल्यदर,

(घ) जिल्ला तथा स्थानीय तहका उद्योग/वाणिज्य संघले तोकेको खाद्यान्नको मूल्यदर,

(ङ) बजारमा खरिद बिक्री हुने प्रचलित मूल्यदर,

(च) जिल्ला तथा स्थानीय तहमा नै उत्पादन हुने खाद्यान्नको प्रचलित आधार मूल्यदर,

(छ) मन्त्रालयले तोकेका अन्य आधारहरु।

(२) उपदफा (१) बमोजिमका आधारमा मन्त्रालयले स्थानीय तह तथा स्थानमा स्थापना तथा सञ्चालन गरिने सुपथ मूल्य पसलमा बिक्री गरिने खाद्यान्नको मूल्य सूची तयार गर्नु पर्नेछ।

(३) सुपथ मूल्य पसलबाट बिक्री गरिने खाद्यान्नको उपदफा (२) बमोजिम तोकिएको आधार मूल्यमा मात्र बिक्री गर्नु पर्नेछ।

**६. प्रस्ताव आव्हान गरिने:** मन्त्रालयले सुपथ मूल्य पसल स्थापना तथा सञ्चालनका लागि निर्देशक समितिले छनौंट गरेका स्थानीय तहहरुबाट सहकारी संस्थालाई अलग-अलग प्रस्ताव पेश गर्न कम्तीमा पन्ध्र दिनको म्याद दिई अनुसूची-१ बमोजिमको ढाँचामा प्रदेशका राष्ट्रिय दैनिक पत्रिकामा प्रस्ताव आव्हानको सूचना प्रकाशित गर्नेछ।

**७. प्रस्ताव पेश गर्नुपर्ने:** (१) मन्त्रालयले प्रस्ताव आव्हानको सूचनामा तोकिएका शर्त र समयावधिभित्र सुलभ मूल्य पसल स्थापना तथा सञ्चालनका लागि योग्य सहकारी संस्थाले अनुसूची-४ बमोजिमको ढाँचामा व्यवसायिक कार्ययोजना सहितको खामबन्दी प्रस्ताव तयार गरी अनुसूची-२ बमोजिमको कागजात संलग्न राखी मन्त्रालय वा मन्त्रालयले तोकेको निकाय/कार्यालयमा अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले तोकेका निकाय/कार्यालयमा पेश भएका प्रस्तावको निकाय/कार्यालयले दर्ता पञ्जिका तयार गरी खाममा नै दर्ता नं. उल्लेख गरी प्रस्ताव पेश गर्ने अवधि समाप्त भएको मितिले सात दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रस्ताव साथ देहायका कागजात समेत पेश गर्नु पर्नेछः-

(क) सहकारी संस्थाको आफ्नै घरजग्गा भए जग्गा दर्ता प्रमाण-पुर्जा र भाडामा लिने भएमा कम्तीमा ५ वर्षको घर/जग्गा धनीसँग सम्झौता गरेको सम्झौता-पत्र,

(ख) प्रस्तावदाता संस्थाको सदस्य संख्या तराईमा कम्तीमा २०० र पहाडमा कम्तीमा १०० भएको प्रमाण,

तर सहकारी संघको हकमा यो खण्ड लागू हुने छैन।

(ग) सहकारी संस्थाले आफ्नो कार्यक्षेत्र, सदस्य संख्या र कारोवारको अवस्था स्पष्ट खुल्ने कागजात तथा पछिल्लो तीन वर्षको वार्षीक प्रगति प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन,

तर सहकारी संस्था स्थापना भएको तीन वर्ष नपुगेको अवस्थामा कम्तीमा एक आर्थिक वार्षीक प्रगति प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन,

(घ) प्रस्ताव साथ सञ्चालक समिति तथा प्रमुख व्यवस्थापकको व्यक्तिगत विवरण,

(ङ) अनुसूची-५ को ढाँचामा प्रतिवद्धता-पत्र।

(४) प्रदेश सरकारको अनुदानबाट विगत आर्थिक वर्षमा स्थापना भई सञ्चालनमा रहेका सुपथ मूल्य पसल व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न सहकारी संस्थाले व्यवसायिक कारोबारको विवरण सहित यस दफा बमोजिम प्रस्ताव पेश गर्न सक्नेछन्।

(५) सुपथ मूल्य पसल स्थापना तथा सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सहकारी संस्थाको विनियममा व्यवसायिक रुपमा सुपथ मूल्य पसल वा बहुउद्देश्यीय प्रकृतिका काम गर्ने विषय उल्लेख भएको हुनु पर्नेछ।

८. **प्रस्तावको प्रारम्भिक मूल्याङ्कनः** (१) मूल्याङ्कन समितिले सुलभ मूल्य पसल स्थापना तथा सञ्चालनका लागि प्राप्त प्रस्तावको प्रारम्भिक छनौंटका लागि मूल्याङ्कन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक मूल्याङ्कन गर्दा अनुसूची-६ बमोजिमको ढाँचामा स्थलगत प्रमाणीकरण गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम मूल्याङ्कन समितिले स्थलगत प्रमाणीकरण गर्दा प्रस्ताव पेश गर्दा संलग्न गरिएको विवरण झुठो ठहरिए वा आवश्यक न्यूनतम योग्यता पूरा नगरेको एकीन भएमा त्यस्ता प्रस्ताव स्वतः रद्द गर्नेछ।

९. **प्रस्तावको मूल्याङ्कनः** (१) मूल्याङ्कन समितिले प्रारम्भिक छनौंटमा परेका प्रस्तावहरुको अनुसूची-७ बमोजिमको मापदण्डको आधारमा मुल्याङ्कन गरी कार्यक्रम व्यवस्थापन समिति समक्ष सिफारिस गर्नेछ र मूल्याङ्कन समिति समक्ष प्रस्तावहरु मूल्याङ्कनका लागि प्राप्त भएको मितिले पन्ध्र दिनभित्र मूल्याङ्कन गरी सक्नु पर्नेछ।

(२) मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कन गर्दा उपदफा (१) बमोजिमका मापदण्डका अतिरिक्त देहाय समेत आधार लिन सक्नेछः-

(क) सुलभ मूल्य पसलमा खरिद गरिने खाद्यान्नको थोक मूल्य तथा खरिदको क्षेत्र र मूल्यदर,

(ख) खाद्यान्नको ढुवानी लागत,

(ग) खाद्यान्नको आधार मूल्यदर,

(घ) सुपथ मूल्य पसलले सेवा दिने क्षेत्र र लाभान्वित हुन सक्ने जनसंख्या,

(ङ) भौगोलिक विकटता,

(च) खाद्यान्नको स्थानीय उत्पादनको अवस्था,

(छ) प्रदेश सरकारको लगानीको आधारमा प्राप्त हुने सक्ने उपलब्धीको अवस्था,

(ज) महिला, श्रमिक, अल्पसंख्यक, द्वन्द्व पीडितको लगायतका सदस्यहरु संलग्न सहकारी संस्था।

(३) कार्यक्रम व्यवस्थापन समितिले प्रस्तावकको व्यवसायिक कार्ययोजना, संस्थाको लागत सक्षमता, कारोबारले समेट्ने क्षेत्र, भौगोलिक उपयुक्तता लगायतका विषयमा अध्ययन गरी स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम छनौंटमा परेको सहकारी संस्थालाई आफूले पेश गरेको व्यवसायिक कार्ययोजनाको प्रस्तुतिको लागि कार्यक्रम व्यवस्थापन समिति वा मूल्याङ्कन समितिले आवश्यकता ठानेमा बोलाउन सक्नेछ।

(५) मूल्याङ्कन समितिले प्रस्तावको मूल्याङ्कन गर्दा यस कार्यविधिमा उल्लिखित आधार तथा मापदण्डको अतिरिक्त प्रचलित कानूनमा भएका व्यवस्था समेतका आधारमा मूल्याङ्कन गर्न सक्नेछ।

**१०. <u>प्रस्तावको स्वीकृतिः</u>** (१) कार्यक्रम व्यवस्थापन समितिले उपयुक्तताको आधारमा सिफारिस गरेका प्रस्तावलाई निर्देशक समितिले स्वीकृति गर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत प्रस्तावहरुको सूची मन्त्रालयको वेवसाइटमा प्रकाशन गर्नेछ।

(३) प्रस्ताव स्वीकृति सम्बन्धमा कुनै गुनासो भएमा उपदफा (२) बमोजिमको सूची प्रकाशन भएको मितिले सात दिनभित्र निर्देशक समिति समक्ष गुनासो पेश गर्न सकिनेछ।

**११. <u>सम्झौता गर्नुपर्नेः</u>** (१) मन्त्रालयले निर्देशक समितिबाट स्वीकृत भएका प्रस्तावदाता सहकारी संस्थासँग सम्झौता गर्न सात दिनको समयावधि दिई सूचना दिनेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्रमा आउने प्रस्तावदाता संस्थासँग मन्त्रालयले अनुसूची-८ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ र मन्त्रालयले कार्यक्रमको प्रकृतिको आधारमा सम्झौताका शर्तहरु थपघट र हेरफेर गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको समयावधिभित्र सम्झौता गर्न नआउने प्रस्तावदातासँग सम्झौता गरिने छैन र प्राथमिकताक्रममा रहेका अन्य प्रस्तावदातालाई उपदफा (१) बमोजिमको समय दिई सम्झौता गरिनेछ।

तर तोकिएको समयभित्र सम्झौता गर्न आउन नसक्ने कुनै काबु बाहिरको परिस्थिति सिर्जना भएको भनी मन्त्रालयमा पूर्व सूचना दिएमा निर्देशक समितिको लिखित निर्णयको आधारमा सम्झौता गर्न आउने अवधि थप गर्न सकिनेछ।

(४) मन्त्रालयले उपदफा (२) बमोजिम सम्झौता भएका संस्थालाई कार्यप्रारम्भ गर्न कार्यादेश दिनेछ।

१२. **<u>शर्तको पालना गर्नुपर्नेः</u>** यस कार्यविधि बमोजिम सुलभ मूल्य पसल स्थापना तथा सञ्चालनका लागि प्रस्ताव छनौंट भएका सहकारी संस्थाले सम्झौता पत्रमा उल्लिखित शर्तका अतिरिक्त देहाय शर्तहरूको समेत पालना गर्नु पर्नेछः-

(क) कार्यक्रमको उद्देश्य पूरा हुने गरी सुपथ मूल्य पसलमा सहज आपूर्ति र सोको बिक्रीको व्यवस्था मिलाउने,

(ख) बिक्री गरेको खाद्यान्नको मूल्य तथा कारोबारको यथार्थ विवरण राख्ने,

(ग) खण्ड (ख) बमोजिमको विवरण सहितको प्रतिवेदन चौमासिक रूपमा महाशाखामा पेश गर्ने,

(घ) खाद्यान्नको आवश्यकतानुसार मौज्दात राख्ने,

(ङ) सुपथ मूल्यका खाद्यान्न तथा तथा अन्य सामानको बिक्री मूल्य सूची सबैले देख्ने गरी राख्ने,

(च) उपभोक्ताको सर्वोत्तम हितलाई ध्यानमा राख्नु पर्ने,

(छ) सम्झौता पूर्व पसल सञ्चालनका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति/स्वीकृति लिनु पर्ने भएमा त्यस्तो अनुमति/स्वीकृति लिने,

(ज) प्रचलित कानूनले तोकेका अन्य कार्य तथा शर्तको पालना गर्नुपर्ने।

१३. **<u>अनुदानको सीमा तथा भुक्तानीः</u>** (१) मन्त्रालयले सुपथ मूल्य पसल स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि छनौट भएका सहकारी संस्थालाई खाद्यान्नको कारोबार विवरण तथा औचित्यताको पुष्टयाईका आधारमा बढीमा रु. आठ लाख रूपैयाँसम्म अनुदान रकम उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये शुरुमा बीउँपूँजीको रुपमा पचास प्रतिशतसम्म रकम उपलब्ध गराउन सकिनेछ।

(३) अनुदान रकम प्रदान गर्दा सुपथ मूल्य पसलमा हुने खाद्यान्नको कारोबारको अनुपातको आधारमा गरिनेछ।

१४. **<u>सम्झौता रद्द गर्न सकिनेः</u>** (१) मन्त्रालयले सुपथ मूल्य पसल सञ्चालन गर्ने सहकारी संस्थासँग देहायका अवस्थामा सम्झौता रद्द गर्न सक्नेछः-

(क) खाद्यान्न सामग्रीको बिक्री परिमाण र मूल्यको लगत यथार्थपरक नभएमा,

(ख) कारोबारको झुटा विवरण राखेमा र सोही झुटा विवरण पेश गरी भुक्तानी माग गरेमा,

(ग) उपभोक्ताको हितलाई बारम्वार बेवास्ता गरेमा,

(घ) गुणस्तरहीन र म्याद गुज्रेका सामग्री बिक्री गरेको प्रमाणित भएमा,

(ङ) अनुगमनको प्रतिवेदनको आधारमा मन्त्रालयले दिएको सुझाव वा निर्देशनलाई पालना नगरेमा,

(च) रकमको दुरुपयोग गरेमा वा सम्झौता विपरितको काममा रकम प्रयोग गरेमा,

(छ) सहकारी संस्थाबाट कार्यक्रम सन्तोषजनक रुपले सञ्चालन भएको नपाइएमा,

(ज) प्रचलित कानून विपरितका कार्य गरेको पाइएमा।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको अवस्था परी सम्झौता रद्द गर्नु पूर्व सुपथ मूल्य पसल सञ्चालन गर्ने सहकारी संस्थालाई सफाई पेश गर्ने उचित मौका दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम सफाई पेश गर्ने मौका दिँदा तोकिएको म्यादभित्र सबुत प्रमाण सहित सफाई पेश नगरेमा वा पेश गरेको प्रमाण सन्तोषजनक नभएमा सम्झौता रद्द गर्न बाधा पर्ने छैन।

## परिच्छेद-३

## समिति सम्वन्धी व्यवस्था

**१५. निर्देशक समितिः** (१) यस कार्यविधि बमोजिम सुपथ मूल्य पसल स्थापना तथा सञ्चालन कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयमा देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| (क) मन्त्री, मन्त्रालय | अध्यक्ष |
| (ख) राज्यमन्त्री, मन्त्रालय | सदस्य |
| (ग) सचिव, मन्त्रालय | सदस्य |
| (घ) अध्यक्षले तोकेको विषय क्षेत्रगत सम्बन्धित मन्त्रालयको सचिव | सदस्य |
| (ङ) प्रमुख, सहकारी विकास महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सुलभ मूल्य पसल स्थापना तथा सञ्चालन गर्ने स्थानीय तह तथा स्थानको छनौंट गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको सन्दर्भमा आवश्यक नीतिगत निर्णय गर्ने,

(ग) कार्यक्रम व्यवस्थापन समितिवाट पेश भएका प्रस्ताव स्वीकृत गर्ने,

(घ) कार्यक्रम व्यवस्थापन समिति तथा अनुगमन समितिलाई आवश्यक निर्देशन दिने,

(ङ) सुलभ मूल्य पसलको अनुगमन गर्ने गराउने,

(च) कार्यविधिका सम्बन्धमा द्विविधा उत्पन्न भएमा आवश्यक व्याख्या गरी बाधा अड्काउ फुकाउन मन्त्रालय समक्ष सिफारिस गर्ने।

(३) निर्देशक समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ कर्मचारी वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१६. <u>कार्यक्रम व्यवस्थापन समिति</u>: (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि मन्त्रालयमा देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछः-

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | अध्यक्ष |
| (ख) प्रमुख, प्रशासन महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) प्रमुख, सहकारी दर्ता अधिकारीको कार्यालय | सदस्य |
| (घ) प्रमुख, महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(२) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै विषय विज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई प्राप्त प्रस्तावहरुको अध्ययन गरी स्वीकृतिको लागि निर्देशक समितिमा पेश गर्ने,

(ख) आवश्यकता तथा औचित्यताका आधारमा अनुदानको रकमको सीमा निर्धारण गरी निर्देशक समिति समक्ष प्रस्ताव सिफारिस गर्ने,

(ग) प्रस्तावको औचित्य हेरी मूल्याङ्कन प्राथमिकतामा नपरेका प्रस्तावलाई समेत कारण सहित अस्वीकृत गर्ने,

(घ) कुनै वा सबै प्रस्ताव अस्पष्ट लागेको खण्डमा पुनः मूल्याङ्कन गर्नका लागि मूल्याङ्कन समितिमा फिर्ता पठाउने,

(ङ) कार्यक्रमको आवश्यकताका आधारमा अनुगमन तथा निरीक्षणका लागि टोली खटाउने।

(४) कार्यक्रम व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१७. **मुल्याङ्कन समितिः** (१) यस कार्यविधि बमोजिम सुलभ मूल्य पसल स्थापना तथा सञ्चालनको लागि पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गरी छनौटको लागि कार्यक्रम व्यवस्थापन समितिमा पेश गर्न मन्त्रालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख, महाशाखा, मन्त्रालय | अध्यक्ष |
| (ख) | अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय | सदस्य |
| (ग) | प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय | सदस्य |
| (घ) | कानून अधिकृत, मन्त्रालय | सदस्य |
| (ङ) | अधिकृत प्रतिनिधि, कृषि विषय हेर्ने मन्त्रालय | सदस्य |
| (च) | अधिकृत प्रतिनिधि, उद्योग विषय हेर्ने मन्त्रालय | सदस्य |
| (छ) | अधिकृत प्रतिनिधि, कानून विषय हेर्ने मन्त्रालय | सदस्य |
| (ज) | प्रमुख, सहकारी शाखा, मन्त्रालय | सदस्य सचिव |

(२) मूल्याङ्कन समितिले आवश्यकता अनुसार कुनै विज्ञ/विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) मूल्याङ्न समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रस्ताव मूल्याङ्कनका आधारहरु निर्धारण गरी निर्देशक समितिबाट स्वीकृत गराउने,

(ख) प्रस्तावहरुको प्रारम्भिक मूल्याङ्कन गर्ने,

(ग) प्रस्तावहरुको मूल्याङ्कन तथा विश्लेषण गरी छनौट तथा स्वीकृतिको लागि कार्यक्रम व्यवस्थापन समितिमा पेश गर्ने,

(घ) मूल्याङ्कन गर्दा अनुसूची-७ मा उल्लेख गरिएका मापदण्डका आधारमा गर्ने,

(ङ) मूल्याङ्कनको क्रममा आवश्यकता अनुसार स्थलगत निरीक्षण तथा अनुगमन गर्ने गराउने।

(४) मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कन गर्दा यस कार्यविधिका उल्लिखित मापदण्डका अतिरिक्त प्रचलित कानूनमा भएका व्यवस्था समेतका आधारमा मूल्याङ्कन गर्नेछ।

१८. **अनुगमन सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले सहकारी संस्थाले स्थापना तथा सञ्चालन गरेका सुलभ मूल्य पसलको अनुगमन गर्न प्रदेश सरकार मातहतका सम्बन्धित कार्यालय तथा सम्बन्धित स्थानीय तहको कर्मचारी तथा पदाधिकारी रहने गरी संयुक्त समिति वा आवश्यकतानुसार छुट्टा-छुट्टै कर्मचारी खटाई अनुगमन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि देहाय बमोजिमको एक अनुगमन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्रालयले तोकेको कर्मचारी | संयोजक |

(ख) जिल्लास्थित सम्बन्धित विषय हेर्ने कार्यालयका प्रमुख वा निजले तोकेको प्रतिनिधि — सदस्य

(ग) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको सम्बन्धित महाशाखा/शाखा प्रमुख — सदस्य

(घ) सम्बन्धित वडाको वडा अध्यक्ष — सदस्य

(ङ) मन्त्रालयले तोकेको महाशाखाको कर्मचारी — सदस्य

(३) मन्त्रालयले अनुगमन गर्दा उपदफा (२) बमोजिमका पदाधिकारी तथा कर्मचारीलाई सम्बन्धित कार्यालय मार्फत सूचना दिनु पर्नेछ।

(४) मन्त्रालयले अनुदान रकम भुक्तानी गर्दा अनुगमन समितिको प्रतिवेदनका आधारमा गर्नु पर्नेछ।

(५) अनुगमन समितिले सुलभ मूल्य पसलको एक आर्थिक वर्षमा कम्तीमा दुई पटक अनुगमन गर्नु पर्नेछ।

## परिच्छेद-४

## विविध

१९. **कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्चः** मन्त्रालयले यस कार्यविधि बमोजिमका कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने देहाय बमोजिमको रकम यसै कार्यक्रमको खर्च शीर्षकमा विनियोजित रकमबाट व्यवस्थापन गर्नेछः-

(क) प्रस्ताव पेश गर्ने सूचना प्रकाशन, सङ्कलन तथा व्यवस्थापन खर्चको रकम,

(ख) अनुगमन तथा सुपरिवेक्षण खर्च रकम,

(ग) यस कार्यविधि बमोजिमका समितिहरुका बैठक भत्ता बापतको खर्च रकम,

(घ) अन्य कार्य सञ्चालन खर्च रकम।

२०. **कार्यक्रमको निरन्तरताः** वार्षीक बजेटमा स्रोतको सुनिश्चितता गरी मन्त्रालयले औचित्यता, प्रभावकारीता तथा आवश्यकताका आधारमा दिगो रूपमा सुपथ मूल्य पसल सञ्चालन कार्यक्रमलाई निरन्तरता प्रदान गर्न सक्नेछ।

२१. **आम्दानी खर्च सार्वजनिक गर्नुपर्नेः** सहकारी संस्थाले मन्त्रालय वा अन्य निकायबाट प्राप्त भएको अनुदान रकमको आम्दानी र खर्च देखिने गरी देहायबमोजिम आम्दानी खर्च सार्वजनिक गर्नु पर्नेछः-

(क) सुलभ मूल्य पसलमा अनुदान रकम तथा सुलभ मूल्यमा बिक्री गरिने मूल्य सहित खाद्यान्नको विवरण सहितको बोर्ड सबैले देख्ने गरी राख्ने,

(ख) अनुदान रकम खर्च भएको विवरण, कारोबारको अद्यावधिक विवरण मासिक रुपमा सुलभ मूल्य पसल तथा सहकारी संस्थाको कार्यालयको सूचना पाटीमा राख्ने,

(ग) सम्झौतामा उल्लेख भएका अन्य विषय।

२२.**लेखा तथा लेखापरीक्षणः** (१) सहकारी संस्थाले मन्त्रालयबाट प्राप्त अनुदान रकमको प्रचलित कानून बमोजिम लेखा राखी लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदनमा मन्त्रालयबाट प्राप्त अनुदानको विवरण समावेश भएको हुनु पर्नेछ।

(३) यस कार्यविधि बमोजिम मन्त्रालयबाट अनुदान रकम प्राप्त गरी कार्यक्रम सञ्चालन गरेका संस्थाले आगामी तीन आर्थिक बर्षसम्मको वार्षीक कारोबारको लेखापरीक्षण प्रतिवेदन पौष मसान्तसम्म मन्त्रालयमा पेश गर्नु पर्नेछ।

२३.**पसल सञ्चालन समितिः** (१) सहकारी संस्थाले स्थापना तथा सञ्चालन गरेको सुलभ मूल्य पसल व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न सहकारी संस्थाले सात सदस्यीय पसल सञ्चालक समिति गठन गर्न सक्नेछ।

(२) पसल सञ्चालक समितिको गठन सहकारी संस्थाको साधारण सभाबाट अनुमोदन गर्ने गरी सञ्चालक समितिले गर्नेछ।

(३) सहकारी संस्थाले सुलभ मूल्य पसल सञ्चालन गर्न पसल व्यवस्थापक र अन्य कर्मचारीको व्यवस्था गर्नु पर्नेछ।

(४) पसल सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सुलभ मूल्य पसललाई व्यवस्थित र प्रभावकारी रुपले सञ्चालन गर्ने,

(ख) सुलभ मूल्य पसल व्यवस्थापन योजना निर्माण गरी सभा/समितिवाट स्वीकृत गराई लागू गर्ने गराउने,

(ग) खाद्यान्नको खरिद तथा बिक्रीको लगत राख्ने,

(घ) सुलभ मूल्य पसल व्यवस्थापनको लागि सरोकारवाला निकायसँग समन्वय गर्ने,

(ङ) खाद्यान्नको सहज खरिद तथा सुरक्षित भण्डारणको प्रबन्ध गर्ने,

(च) सुलभ मूल्य पसलको सरसफाई र सुरक्षाको प्रबन्ध गर्ने,

(छ) सहकारी संस्थाको सञ्चालक समिति तथा सभाबाट तोकिएको अन्य कार्य गर्ने।

२४.**<u>समन्वय गर्न सक्ने:</u>** मन्त्रालयले सुलभ मूल्य पसल कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय तथा सम्वन्धित स्थानीय तहबीच समन्वय सक्नेछ।

२५.**<u>अनुदान रकम रोक्का तथा असूल उपर गरिने:</u>** (१) अनुदान रकम तोकिएका क्षेत्रमा उपयोग नगरेमा, सम्झौता बमोजिम कार्यान्वयन नगरेमा, मन्त्रालय वा अनुगमन समितिले दिएका निर्देशनको पालना नगरेमा अनुदान रकम रोक्का गर्न सकिनेछ।

(२) अनुदान रकम दुरुपयोग गरेको प्रमाणित हुन आएमा त्यस्ता अनुदान रकम संस्थाका सञ्चालक समिति तथा सम्बन्धित संस्थाका कर्मचारीको चल अचल सम्पत्तिबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

२६.**<u>कारबाहीको व्यवस्था:</u>** (१) सहकारी संस्थाले सुलभ मूल्य पसल स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्दा यस कार्यविधि, मन्त्रालयको निर्देशन तथा सम्झौताका शर्त बमोजिम गर्नु पर्नेछ।

(२) अनुगमन समितिले दिएका निर्देशन तथा प्रचलित कानूनका व्यवस्थाको पालना गर्नु सहकारी संस्थाको कर्तव्य हुनेछ।

(३) अनुगमनको क्रममा सम्झौता बमोजिम नभएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

२७.**<u>बाधा अड्काउ र कार्यविधिको व्याख्या:</u>** यस कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरुपण निर्देशक समितिको सिफारिसमा मन्त्रालयले गर्नेछ र कार्यविधिको व्याख्याको सम्बन्धमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

२८.**<u>अनुसूचीमा हेरफेर:</u>** यस कार्यविधिमा उल्लेखित अनुसूचीमा मन्त्रालयले आवश्यकताको आधारमा थपघट र हेरफेर गर्न सक्नेछ।

२९.**<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस कार्यविधिमा जुनसुकै कुरा लेखिए तापनि प्रचलित कानूनमा उल्लेख भएको विषयमा सोही बमोजिम हुनेछ।

## अनुसूची-१
## (दफा ६ सँग सम्बन्धित)
## प्रस्ताव आव्हानको सूचनाको ढाँचा

प्रथम पटक प्रकाशित मितिः.........................

लुम्बिनी प्रदेश, प्रदेश सरकार, आर्थिक मामिला तथा सहकारी मन्त्रालयको आ.व. ................ को वार्षिक कार्यक्रम अनुसार प्रदेश अन्तर्गतका ...................... जिल्ला............गा.पा./न.पा.................. स्थानमा सुपथ मूल्य पसल स्थापना तथा सञ्चालनको लागि ईच्छुक सहकारी संघ/संस्थाहरुबाट रु. ............ र मन्त्रालयको अधिकतम रु. ............................लगानी साझेदारीमा कार्यक्रम सञ्चालनका लागि यो सूचना प्रकाशन भएको मितिले .............. दिनभित्र यस मन्त्रालय वा ....................निकाय/कार्यालयमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, कार्यक्रमको व्यवसायिक कार्ययोजना, संलग्न गर्नुपर्ने कागजात तथा मापदण्डको विवरण यस मन्त्रालयको Website: moeap.lumbini.gov.np बाट प्रप्त गर्न सकिनेछ।

## अनुसूची-२

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

**<u>प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने कागजात</u>**

(१) संस्था दर्ताको प्रमाण-पत्रको प्रतिलिपि,

(२) संस्थाको स्थायी लेखा नं. प्रमाण-पत्रको प्रतिलिपि,

(३) पछिल्लो तीन आ.व.को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(४) करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि,

(५) सञ्चालकहरू तथा प्रमुख व्यवस्थापकको वैयक्तिक विवरण,

(६) प्रमुख व्यवस्थापकको प्रतिवद्धता-पत्र,

(७) सहकारीको सञ्चालक समितिको निर्णयको प्रतिलिपि,

(८) सहकारीले गर्ने कार्यक्रमको व्यवसायिक कार्ययोजना,

(९) संस्थाले लगानी गर्ने स्रोत खुल्ने कागजात तथा सुनिश्चितता,

(१०) सुपथ मूल्य पसल स्थापना हुने स्थानको लागि सम्बन्धित स्थानीय तहको सिफारिस,

(११) कार्यक्रम सञ्चालनका लागि घरजग्गाको विवरण खुल्ने कागजात,

(१२) सम्पर्क व्यक्तिको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र सम्पर्क नम्वर,

(१३) प्रारम्भिक सहकारी संस्थाको हकमा तराईमा न्यूनतम २०० र पहाडमा न्यूनतम १०० सेयर सदस्य संख्या भएको प्रमाण,

(१४) सुलभ मूल्य पसल सञ्चालनका लागि घरजग्गा हुनुपर्ने वा लिजमा लिएको भए कम्तीमा ५ वर्षको घरजग्गा धनीसँगको सम्झौता-पत्र

## अनुसुची-३

## (दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

## प्रस्ताव पेश गर्ने निवेदन-पत्रको ढाँचा

श्री आर्थिक मामिला तथा सहकारी मन्त्रालय,
लुम्बिनी प्रदेश, मुकाम, बुटवल।

विषयः- सुलभ मूल्य पसल स्थापना तथा सञ्चालनको लागि प्रस्ताव पेश गरिएको सम्बन्धमा।

हाम्रो ........................................................ सहकारी संस्थाबाट ....................... जिल्ला, ............................म.न.प./उप.म.न.पा./न.पा./गा.पा.,........वडा नं.अन्तर्गत............... ............ स्थानमा सहकारी सुलभ मूल्य पसल स्थापना तथा सञ्चालन गर्ने लक्ष्य रहेकोले सोको लागि अनुमानित लागत रकम रु................मध्ये रु ...................... सहकारीको तर्फबाट व्यहोरी बाँकी रकम रु...................अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यो प्रस्ताव पेश गरेका छौं।

............................
निवेदकको
नामः
पदः
दस्तखतः
ठेगानाः
सम्पर्क नः
सहकारी संस्थाको नामः
सहकारी संस्थाको छापः

अनुसूची-४

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

<u>**व्यवसायिक कार्ययोजनाको ढाँचा**</u>

**१. परिचयात्मक विवरणः**

| | |
|---|---|
| आवेदक सघ संस्थाको नामः | |
| ठेगानाः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको फोन नं. | |
| संस्था दर्ता नं.र मितिः | |
| संस्था दर्ता भएको कार्यालयको नामः | |

२. **सहकारी संघ/संस्थाको किसम** : क) उत्पादनमुलक ख) उपभोक्ता ग) श्रमीक घ) बहुउदेश्यीय ङ) अन्य भए उल्लेख गर्ने (..........................)

**३. सहकारी संघ/सस्थाको शेयर सदस्य सङख्या.........................**

**४. प्रस्तावित कार्यक्रमको नाम :-**

**५. सुलभ मूल्य पसल सञ्चालनको लागि घरजग्गाको विवरणः .............................रोपनी तथा कठ्ठा, पसल सञ्चालन गर्न घर/सटर/भवनको क्षेत्रफल**

**६. घर/जग्गा भाडामा लिएको भएः ...वर्षको सम्झौता भएको**

**७. आयोजना सञ्चालानको उद्देश्य.........................................................................**

**८. सुलभ मूल्य पसल स्थापना/सञ्चालनको मुख्य मुख्य क्रियाकलापहरु :-**

**९. अनुदानग्राहीको लगानीको श्रोत व्यवस्थापन गर्ने आधारः-........................................................**

**१०. कार्यक्रमले पार्ने सकरात्मक प्रभावः ....................................................................**

**११. कार्यक्रम सञ्चालन पश्चात लाभान्वित हुने अनुमानित जनसङ्ख्या ...................................**

**१२. आवेदक सघ/संस्थाको पूँजीको विवरणः**

| शेयर पूँजी | जगेडा कोष | अन्य कोष |
|---|---|---|
| | | |
| | | |

**१३. सडक सुविधा छ वा छैन........... छ भने सडकको किसिम...............................................**

**१४. स्थलमा विद्युतको व्यवस्था छ वा छैन ..............................**

१५. **कार्यक्रम संचालन गर्न सक्ने आवश्यक जनशक्ति छ** ☐ वा छैन ☐

यदि छ भने अनुभव वर्ष..................

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ........................

१६. **कार्यक्रम संचालन गर्ने स्थानको वातावरणीय अवस्था**......................

**१७. कार्यक्रम सञ्चालनका जोखिमहरु के छन्? यदि भए समाधानका उपायहरु के के हुन सक्छन् ?**

-

-

**१८. कार्यक्रमसम्वन्धी संक्षिप्त विवरण**

**१९. आवश्यकता र औचित्य**

**२०. सुलभ मूल्य पसल सञ्चालन हुने स्थानः**

**२१. सुलभ मूल्य पसलमा खाद्यान्नका अतिरक्त प्राप्त हुन सक्ने बस्तुको सूचीः**

**२२. सुलभ मूल्य पसलका खाद्यान्नको लागि चाहिने बस्तुको उत्पादित क्षेत्र/स्थान/उत्पादक/थोक बजार स्थल/दुरी.....................**

**२३. सुलभ मूल्य पसलको क्षेत्र र लाभान्वित जनसंख्याः**

**२४. सुलभ मूल्य पसल सञ्चालन योजनाः................**

(क) लक्षित ग्राहक..........

(ख) मुख्य विशेषताहरु............

(ग) उपलब्ध अवसरहरु.............

(घ) चुनौतीहरु...................

२५. **सारांश (कार्यक्रमको औचित्यता र उपादेयता झल्किने)** :

(क) ...........................

(ख) ..............

(ग) .......

**२६. खाद्यान्न उपलब्ध गराउने प्रस्तावित मूल्य दरः**

| खाद्यान्न विवरण | प्रति किलो/लिटर | प्रतिक्युन्टल |
|---|---|---|
| चामलः- | रु......... | रु......... |
| दाल, | रु......... | रु......... |
| नुन, | रु......... | रु......... |
| चिनी, | रु......... | रु......... |
| गहुँ | रु......... | रु......... |
| तेलजन्य | रु......... | |

<u>**नोटः**</u>-छ प्रकारका खाद्यान्नलाई त्यसको प्रकृति अनुसार थप वर्गीकरण गरी मूल्य तोक्न सकिनेछ।

## अनुसूची-५

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

**<u>प्रतिवद्धता-पत्रको ढाँचा</u>**

आर्थिक मामिला तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेशको को मिति ............................... मा प्रकाशित सूचना अनुसार सुलभ मूल्य पसल कार्यक्रमका लागि अनुदानको ब्यवस्था गरिए अनुसार उक्त अनुदान प्राप्त गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको प्रस्ताव/आवेदन पेश गरेको छु/छौं। उक्त कार्यक्रममा छनौंट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरी न्यूनतम .....वर्षसम्म निरन्तरता दिनेछौं। कार्ययोजना अनुसारको कार्य नगरेमा वा तोकिएको अवधि भन्दा अगावै सो कार्य बन्द गरेमा मन्त्रालयलाई अनुदान रकम फिर्ता गर्नेछौं। अन्यथा प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला। साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछौं।

सहकारीको नामः

ठेगानाः

दस्तखतः

मितिः

सहकारीको छापः

इति सम्वत् २०.............गते ...................रोज ...............शुभम्।

**अनुसूची-६**

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

**प्रारम्भिक मूल्याङ्कन/स्थलगत प्रमाणीकरण फारामको ढाँचा**

**१. परिचयात्मक विवरणः**

| | |
|---|---|
| आवेदक सघ संस्थाको नामः | |
| ठेगानाः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको फोन नं. | |
| संस्था दर्ता नं.र मितिः | |
| संस्था दर्ता भएको कार्यालयको नामः | |

२. **सहकारी संघ/संस्थाको किसिम** : क) उत्पादनमुलक ख) उपभोक्ता ग) श्रमीक घ) बहुउद्देश्यीय ङ) अन्य भए उल्लेख गर्ने (.........................)

३. सहकारी संघ/सस्थाको शेयर सदस्य सङ्ख्या..........................

४. प्रस्तावित कार्यक्रमको नाम :-

५. योजना सञ्चालनको लागि जग्गाको विवरणः ............................रोपनी/कठ्ठा क्षेत्रफल....पसल सञ्चालन गर्ने घर/भवन/सटरको क्षेत्रफल...........

६. घर/जग्गा भाडामा लिएको भएः ...............................वर्षको सम्झौता भएको

७. अनुदानग्राहीको लगानीको श्रोत व्यवस्थापन गर्ने आधारः-.................................................................................................................................................
.............................................................................................................................................

८. कार्यक्रमले पार्ने सकरात्मक प्रभावः .................................................................
.............................................................................................................................

९. कार्यक्रम सञ्चालन पश्चात लाभान्वित हुने अनुमानित जनसङ्ख्या.................................

१०. आवेदक सघ/संस्थाको पूँजीको विवरणः

| शेयर पूँजी | जगेडा कोष | अन्य कोष |
|---|---|---|
| | | |
| | | |

११.सडक सुविधा छ वा छैन........... छ भने सडकको किसिम...............................................

१२.स्थलमा विद्युतको व्यवस्था छ वा छैन ..............................

१३. कार्यक्रम सञ्चालन गर्न सक्ने आवश्यक जनशक्ति छ ☐ वा छैन ☐

यदि छ भने अनुभव वर्ष.................

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ.......................

१४. प्रस्तावित कार्यक्रम सञ्चालन गर्ने स्थानको वातावरणीय अवस्था

१५. कार्यक्रम सञ्चालनका जोखिमहरु के छन्?

...............................................................

१६. कार्यक्रमलाई सहज बनाउन आवश्यक सुझाव ?

.......................................

१७. प्रस्ताव पेश गर्दा भरिएको बिवरणहरुको सम्बन्धमा

- दुरुस्त पाईएको
- सामान्य फरक देखिएको
- फारममा पेश गरेको **वि**वरणहरु धेरै फरक परेको (तथ्यमा आधारित नभएको): यस्तो अवस्थामा स्थलगत मुल्यांकन टोलीले के के बिषयहरुमा कमी कमजोरी पाईएको हो सो कुरा खुलाउनु पर्नेछ र यस्तो प्रस्ताव मुल्यांकनमा समाबेश हुनै छैन ।

१८. सिफारिस

उक्त कार्यक्रम प्रस्तावको स्तरको बारेमा निश्कर्ष:

| सि.नं. | गुणस्तर | कारण* |
|---|---|---|
| १ | अति उत्तम | |
| २ | उत्तम | |
| ३ | मध्यम | |
| ४ | सामान्य | |
| ५ | अनुदान प्रयोजनको लागि अयोग्य | |

* कार्यक्रमसँग सम्बन्धित कुनै कागजात, स्थानीय समुदायसँग भएको वार्तालापको विवरण, कार्यक्रमसँग सम्बन्धित फोटो, भिडियो क्लिप आदि समेत समावेश गर्न सकिनेछ।

स्थलगत प्रमाणीकरण गर्नेको विवरण:

| | |
|---|---|
| नाम थर: | नाम थर: |
| पद: | पद: |
| दस्तखत: | दस्तखत: |
| मिति: | मिति: |

## अनुसूची-७

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**मूल्याङ्कनका आधार तथा मापदण्ड**

१. सहकारीको नाम:

२. ठेगाना :

३. सम्पर्क ब्यक्तिको नाम:

४. सम्पर्क नं.:

कार्यक्रम छनौटका लागि उपक्षेत्रको विषयः

| क.सं. | मूल्याङ्कनको आधार सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको व्यावसायिक योजना | १५ | | |
| २ | स्थानीय खाद्यान्नको उपयोग | १० | | |
| ३ | संस्थाको आर्थिक लगानीको सुनिश्चितता | १५ | | |
| ४ | खाद्यान्नको प्रस्तावित मूल्यदर | २० | | |
| ५ | सुलभ पसल सञ्चालनको सुनिश्चितता | १० | | |
| ६ | मानवीय स्रोतको अवस्था | १० | | |
| ७ | विपन्न/न्यून आय भएका लाभान्वित जनसंख्या | १० | | |
| ८ | उपयुक्तता | १० | | |
| | जम्मा | १०० | | |

**अनुसूची-८**

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

**<u>सम्झौता-पत्रको ढाँचा</u>**

श्री आर्थिक मामिला तथा सहकारी मन्त्रालय, लम्बिनी प्रदेश मार्फत सञ्चालन गरिने आ.व................ को स्वीकृत सुलभ मूल्य पसल स्थापना तथा सञ्चालन गर्न .........................(यस पछि पहिलो पक्ष भनिएको) र विशिष्टताका आधारमा छनौट भएका सहकारी संस्था ......................................(यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलका शर्तनामाहरु लागू हुने गरी कार्यक्रम सम्पन्न गर्न सम्झौता गरी एक/एक लियौं/दियौं।

१. यो सम्झौता पत्र...........................(पहिलो पक्ष) र............... (दोस्रो पक्ष) बीच सुलभ मूल्य पसल स्थापना तथा सञ्चालन कार्यक्रम सहयोगका लागि अनुदान कार्यक्रम सञ्चालनका लागि प्रयोग हुनेछ।

२. सम्झौता भएको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले .... दिन भित्र शुरु गर्नु पर्नेछ।

४. सम्झौता भएको ............. भित्र यो कार्यक्रम सम्पन्न गरी सक्नु पर्नेछ।

५. सुलभ मूल्य पसल कार्यक्रम सञ्चालनका लागि पहिलो पक्षले दोस्रो पक्षलाई कार्यक्रमको लागि स्वीकृत अनुदान सम्झौता बमोजिम एकाउन्ट पेयी चेकबाट पहिलो.......किस्ता वापत.....प्रतिशत बिउँपूँजी अन्तर्गत रु......... बाँकी किस्ताको रकम कारोबार अनुपातका आधारमा मात्र उपलब्ध हुनेछ।

६. स्वीकृत अनुदान रकम भुक्तानी दिंदा अनुगमन समितिको सिफारिसको आधारमा गरिनेछ।दोस्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा सम्झौता तथा मन्त्रालयको निर्देशन अनुसार कार्य गर्नु पर्नेछ।

७. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा कारोबार अनुपात सहित प्रतिवेदन तयार गरी दोस्रो पक्षले पहिलो पक्षसँग अनुरोध गर्नु पर्नेछ र पहिलो पक्षले सम्पूर्ण प्रतिवेदन तथा कारोबार अनुपातका आधारमा ....दिनभित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ।

८. यस कार्यक्रम सञ्चालनको कूल लागत रु...................... मध्ये पहिलो पक्षले रु................... र दोस्रो पक्षले रु...................... व्यहोर्नु पर्नेछ।

९. सुलभ मूल्य पसल कार्यक्रम सुरु भए पश्चात उक्त कार्यक्रमको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

१०. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई सुलभ मूल्य पसल तथा खाद्यान्नमा क्षति भएको खण्डमा सो घटनाको पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

११. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाइएमा पहिलो पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भङ्ग गरी दोस्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गरी आवश्यक कारबाही अगाडी बढाउने छ।
१२. पहिलो पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ।

| | |
|---|---|
| .......................... | ............................ |
| पहिलो पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |
| साक्षीहरु | साक्षीहरु |

मितिः २०........साल...............महिना...........गते ...........रोज शुभम्।